# बालअधिकार स्थिति अनुगमन सूचकांक फाराम भर्नको लागि केही मार्गनिर्देशन

**(फाराम भर्नुहुने अधिकारीले यो मार्गनिर्देशनलाई राम्रोसँग अध्ययन गर्नुहुनेछ)**

---

१. यो मार्गनिर्देशन यसैसाथ संलग्न बालअधिकार स्थिति अनुगमन सूचकांक फाराम भर्न जिल्ला बालकल्याण समितिलाई सहयोग पुऱ्याउने उद्देश्यले तयार गरिएको हो । यसर्थ, यसलाई सोही फारामको सापेक्षतामा उपयोग गर्नुहुन सम्बन्धित सबैमा अनुरोध छ ।

२. बालअधिकार स्थिति अनुगमन सूचकांक फाराम (यसपछि सूचकांक फाराम भनिएको) नेपाल सरकार, महिला, बालबालिका तथा समाजकल्याण मन्त्रालय, **केन्द्रीय बालकल्याण समिति**को तर्फबाट जिल्ला बालकल्याण समितिहरुले भर्ने गरी तयार गरिएको हो । बालबालिकासम्बन्धी ऐन २०४८ को दफा ३२ (५) को प्रावधानअनुसार प्रत्येक जिल्ला बालकल्याण समितिहरुले बैशाख मसान्त भित्र आ-आफ्नो जिल्लास्तरमा सञ्चालित बालकल्याणकारी क्रियाकलापको सम्बन्धमा तथ्यगत विवरण समेटिएको वार्षिक प्रतिवेदन केन्द्रीय बालकल्याण समितिमा पठाउनुपर्ने व्यवस्था छ । यस सूचकांक फारामले जिल्ला बालकल्याण समितिले गर्नुपर्ने वार्षिक प्रतिवेदनको तयारी कार्यमा सघाउ पुऱ्याउनेछ । साथै जिल्लाबाट प्राप्त भएको सूचना तथा जानकारीको आधारमा केन्द्रीय बालकल्याण समितिले प्रत्येक वर्ष नेपाल सरकारलाई बुझाउनुपर्ने प्रतिवेदनका लागि समेत यस फारामका आधारमा प्राप्त भएका सूचना तथा जानकारीले महत्वपूर्ण योगदान दिन्छ । यसको अलावा नेपाल सरकारको तर्फबाट प्रत्येक ५/५ वर्षमा संयुक्त राष्ट्रसंघको बालअधिकार समितिसमक्ष बुझाउनुपर्ने राष्ट्रिय प्रतिवेदनको लागि समेत आधार तयार गर्ने गरी यो सूचकांक फारामलाई तयार गरिएको छ । यसर्थ, यस सूचकांक फाराममार्फत् उपलब्ध गराइएको तथ्य, तथ्याङ्क तथा सूचनाहरु सरकारीस्तरमा राष्ट्रिय अभिलेखको रुपमा रहने हुँदा र अन्तराष्ट्रियस्तरमा समेत देशको तर्फबाट राष्ट्रिय प्रतिवेदन तयार गर्नमा समेत उपयोग हुने हुँदा सही र तथ्यगत सूचना, जानकारी उपलब्ध गराउनु सम्बन्धित सबै जिल्ला बालकल्याण समितिको कर्तव्य एवं दायित्व हो ।

३. सूचकांक फाराममा माग गरिएका धेरैजसो तथ्य, तथ्याङ्क, सूचना तथा जानकारीहरु जिल्ला बालकल्याण समितिले सम्बन्धित अन्य सरकारी निकाय तथा संघसंस्थाहरुसँग समन्वय गरी र आवश्यकताअनुसार आफ्नै स्रोतबाट सूचना वा जानकारी संकलन गरी पठाउनुपर्नेछ । यसरी तथ्य, तथ्याङ्क, सूचना तथा जानकारी पठाउँदा स्पस्टरुपमा सोको स्रोत र संकलन गरिएको साल उल्लेख गरिदिनुपर्नेछ । यसो भएमा केन्द्रीय बालकल्याण समितिका तर्फबाट बालबालिकासम्बन्धी राष्ट्रिय स्थिति प्रतिवेदन तयार गर्दा वा अन्य प्रयोजनमा तथ्याङ्क वा सूचनाको उपयोग गर्दा स्रोत खुलाउन र आवश्यक भएमा त्यसको जाँचपडताल गर्न (वा प्रमाणिकता बुझ्न) समेत योगदान पुग्दछ । त्यसैगरी जिल्ला बालकल्याण समिति आफैंले प्राथमिक स्रोतबाट संकलन गरेको तथ्य, तथ्याङ्क तथा सूचनाको हकमा समेत स्रोतसम्बन्धी आवश्यक विवरण उल्लेख गरिदिनुहुन अनुरोध छ ।

४. जिल्ला बालकल्याण समितिलाई यस सूचकांक फाराममा माग भएका वा यससम्बन्धी प्रयोजनमा आवश्यक पर्ने तथ्य, तथ्याङ्क तथा सूचना जानकारीहरु नियमितरुपमा एक प्रक्रिया अन्तर्गत संकलन गर्न तथा त्यसलाई सिलसिलेबार रुपमा व्यवस्थित गर्न सहयोग पुऱ्याउने अभिप्रायले सूचकांक फारामको डाटाबेससम्बन्धी कम्प्यूटर सफ्टवेयर तयार गर्ने काम समेत (भैरहेको) भएको छ । यसले जिल्ला बालकल्याण समितिहरुको काममा सहजता ल्याउने अपेक्षा गरिएको छ । साथै, प्रत्येक जिल्ला बालकल्याण समितिहरुलाई आ-आफ्नो जिल्लामा बालबालिकाको स्थितिसम्बन्धी अलग्गै प्रतिवेदन तयार गर्न समेत सूचकांक फाराम अनुसार निर्माण गरिने (भएको) डाटाबेससम्बन्धी सफ्टवेयरले सहयोग पुऱ्याउनेछ । तथापि, उक्त सफ्टवेयर प्राप्त नहुँदासम्मको लागि सबै जिल्ला बालकल्याण समितिले संलग्न फाराम भरी जिल्लामा एक प्रति रेकर्ड राखी तथ्याङ्क र सूचना तथा जानकारी केन्द्रीय बालकल्याण समितिलाई उपलब्ध गराउनुपर्नेछ ।

**सूचकांक फाराम भर्नको लागि सहयोगी हुने केही सुझावहरु**

५. सूचकांक फाराममा माग गरिएका सबै तथ्याङ्कको हकमा त्यसको स्रोत के हो सो उल्लेख गरिदिनु हुन अनुरोध छ। साथै सो तथ्याङ्क कुन अवधिदेखि कुन अवधिसम्मको हो सो समेत खुलाइदिनुहुन अनुरोध छ।

६. सूचकांक फाराममा उमेर (यति भनेर) स्पस्ट किटान गरिएको अवस्थामा बाहेकको अवस्थामा बालबालिका भन्नाले १८ वर्ष मुनिका भनेर व्यक्ति भनेर सम्झनुपर्दछ।

७. सूचकांक फारामको प्रश्नावली नं १.२ मा माग गरिएको विवरण भर्दा जिल्लामा रहेका जनसंख्याको आधारमा सबभन्दा बढी जनसंख्या भएका कम्तिमा पनि ५, ५ जाति, जनजाति समूहहरुको विवरण उल्लेख गर्नुहुन अनुरोध छ।

८. सूचकांक फारामको प्रश्नावली नं ३ मा माग गरिएको सूचना वा जानकारी विवरण भर्दा विभिन्न सञ्चारका माध्यम (जस्तै पत्रपत्रिका, एफ.एम., रेडियो, टेलिभिजन आदि) बाट प्रकाशमा आएका घटनाहरु, गाउँ तथा जिल्ला बालसंरक्षण तथा सम्बर्द्धन उप-समितिहरु वा अन्य यस्तै निकायहरु, जिल्ला बालकल्याण समिति, जिल्ला प्रहरी कार्यालय तथा नेपाल प्रहरीको महिला तथा बालबालिका सेवाकेन्द्र, जिल्ला प्रशासन कार्यालयमा मौखिक वा लिखितरुपमा परेका उजुरीहरु आदिको आधारमा विवरण तयार गरी भर्नुपर्नेछ। प्रत्येक जिल्ला बालकल्याण समितिहरुले नियमित रुपमा सञ्चारका माध्यमहरुमा प्रसार प्रसारणमा आएका वा प्रकाशित भएका घटनाहरुलाई संकलन गरी व्यवस्थित गरी राख्ने गरेमा यससम्बन्धी विवरण भर्न सहज हुनेछ।

९. सूचकांक फारामको प्रश्नावली नं ६ मा सो आर्थिक वर्ष (आ.व.) र त्यसभन्दा अघिल्ला २ वटा आ.व.को विवरण माग गरिएको छ। साथै त्यसरी विवरण भर्दा सो आ.व.मा जन्मिएका बालक र बालिका तथा सो आ.व.भन्दा अगाडि नै जन्मिएका तर त्यस आ.व.मा जन्मदर्ता भएका बालक र बालिकासम्बन्धी विवरण छुट्याएर भर्न कोशिस गर्नुहुन अनुरोध छ। यसले जिल्लामा जन्मदर्ताको प्रवृत्ति (ट्रेन्ड) हेर्न सहयोग पुऱ्याउँदछ। यससम्बन्धी विवरण भर्दा जिल्लास्थित पञ्जिकाधिकारीको कार्यालयमा भएको रेकर्डको आधारमा तथ्याङ्क संकलन गरी भर्नुपर्नेछ (यद्यपि कतिपय जिल्लामा यसरी खण्डिकृत गरिएको तथ्याङ्क उपलब्ध नभएमा जस्तो रुपमा उपलब्ध छ सोही अनुसार भर्नुहोला)। यसको अलावा जिल्ला स्वास्थ्य वा जिल्ला जनस्वास्थ कार्यालयबाट त्यस आ.व.मा जन्मिएका बालक र बालिकाको तथ्याङ्क संकलन गरी त्यसलाई समेत फाराममा यथास्थानमा उल्लेख गरिदिनुहोला। यसो भएमा त्यस आ.व.मा जन्मिएकामध्ये कति बालक र बालिकाको जन्मदर्ता भयो वा भएन सोको विश्लेषण गर्न सकिन्छ।

१०. सूचकांक फारामको प्रश्नावली नं ७ मा माग गरिएको सूचना वा जानकारी विवरण भर्दा जिल्ला विकास समितिका स्थानीय विकास अधिकारी वा जिल्ला पञ्जिकाधिकारी तथा गाउँ विकास समिति तथा नगरपालिकाका सचिवहरु (पञ्जिकाधिकारीहरु) सँग छलफल गरी आएका विचारहरुलाई बूँदागत रुपमा उल्लेख गर्नुहुन अनुरोध छ।

११. सूचकांक फारामको प्रश्नावली नं १३.४ मा माग गरिएको विवरण भर्दा नेपाल सरकारले पारित गरेको बालगृह सञ्चालन तथा व्यवस्थापनसम्बन्धी न्यूनतम मापदण्डको आधारमा गरिएको वर्गीकरणलाई आधारमानी भर्नुपर्नेछ। यसको लागि सकभर केन्द्रीय बालकल्याण समितिमा रहेको बालगृह अनुगमनसम्बन्धी समूह (टिम) का कर्मचारीहरुसँग सम्पर्क राख्नुहुन सबै जिल्ला बालकल्याण समितिहरुलाई आग्रह गरिन्छ। साथै, बालबालिकासम्बन्धी ऐनमा व्यवस्था भए अनुरुप सबै जिल्ला बालकल्याण समितिहरुले बालगृहको भौतिक अवस्था, बालगृहमा बसिरहेका बालबालिकाको अवस्था, उमेरगत विवरण, बालबालिकाको पारिवारिक स्थिति, बालगृह सञ्चालन गर्ने संस्था वा निकायको विवरण आदि समेत समावेश भएको छुट्टै प्रतिवेदन तयार गरी प्रत्येक वर्ष केन्द्रीय बालकल्याण समितिमा पठाउनुहुन समेत अनुरोघ छ (यसरी प्रतिवेदन दिंदा बालबालिकासम्बन्धी ऐन २०४८ को दफा ४१(४) तथा दफा ४४ मा व्यवस्था भएको प्रावधानले समेटेका क्षेत्रहरुका सम्बन्धमा विस्तृत विवरण उपलब्ध गराउनुपर्नेछ)।

१२. सूचकांक फारामको प्रश्नावली नं १४.१ मा माग गरिएको सूचना वा जानकारी विवरण भर्दा जिल्ला प्रशासन कार्यालयका सम्बन्धित अधिकारीहरु, बालगृहका जिम्मेवार व्यक्तिहरु तथा जिल्ला बालकल्याण समितिका सम्बन्धित पदाधिकारीहरुसँग छलफल गरी आएका विषयहरुलाई बूँदागत रुपमा उल्लेख गर्नुहुन अनुरोध छ।

**तथ्य, तथ्याङ्क वा सूचना तथा जानकारीको सम्भाव्य स्रोतहरु**

१३. सूचकांक फारामको प्रश्नावली नं १ ले माग गरेको तथ्य, तथ्याङ्क वा सूचना तथा जानकारी शाखा तथ्याङ्क कार्यालय भएको जिल्लाको हकमा (नेपालका कूल ३४ जिल्लामा मात्र शाखा तथ्याङ्क कार्यालय छ) सोही कार्यालयबाट संकलन गरी र त्यस्तो कार्यालय नभएको जिल्लाको हकमा केन्द्रीय तथ्याङ्क विभागबाट उपलव्ध हुने तथ्याङ्कको आधारमा आफ्नो जिल्लाको विवरण संकलन गरी भर्नुपर्नेछ। प्रश्नावलीको १.३ को लागि जिल्ला विकास समितिमा तथ्य, तथ्याङ्क वा सूचना उपलव्ध हुन्छ।

१४. सूचकांक फारामको प्रश्नावली नं २ ले माग गरेको तथ्य, तथ्याङ्क वा सूचनाको संभाव्य स्रोत निम्नलिखित कार्यालयहरु हुन सक्दछन् : क) बालबालिकाको उमेरगत जनसंख्याको लागि केन्द्रीय तथ्याङ्क विभाग तथा शाखा तथ्याङ्क कार्यालय, तथा जिल्ला विकास समितिको कार्यालय, ख) परिवारविहीन बालबालिकासम्बन्धी र अपाङ्गता भएका बालबालिकासम्बन्धी विवरणको जिल्ला विकास समितिको कार्यालय, जिल्ला प्रशासन कार्यालय र नेपाल रेडक्रस सोसाइटी, जिल्ला शाखा, ग) कारागारमा आश्रित र बन्दीको रुपमा रहेका वा कैद ठेकिएका बालबालिकासम्बन्धी जानकारीको लागि जिल्ला कारागार शाखा, जिल्ला अदालत, जिल्ला सरकारी वकिलको कार्यालय, जिल्ला प्रहरी कार्यलय र जिल्ला प्रशासन कार्यालय आदि। त्यसैगरी दलित/जनजाति वर्ग उत्थान समन्वय समिति (जि.वि.स.मा सचिवालय भएको), जिल्ला भित्रका गाउँ विकास समिति (गा.वि.स.) तथा नगरपालिका (न.पा.) तथा जिल्लामा अपाङ्गताको क्षेत्रमा क्रियाशील सरकारी निकायहरु तथा गैरसरकारी संस्थाहरुले समेत आ-आफ्नो कार्यक्षेत्रसँग सम्बन्धित विषयमा तथ्य, तथ्याङ्क वा सूचना उपलब्ध गराउन सक्दछन्।

१५. सूचकांक फारामको प्रश्नावली नं ३ र ४ ले माग गरेको तथ्य, तथ्याङ्क वा सूचनाको सम्भाव्य स्रोत निम्नलिखित कार्यालयहरु हुन सक्दछन् : क) जिल्ला प्रशासन कार्यालय, ख) जिल्ला प्रहरी कार्यालय (महिला तथा बालबालिका सेवा केन्द्र भएको जिल्लाको हकमा सो निकाय समेत), ग) जिल्ला अदालत, घ) जिल्ला शिक्षा कार्यालय, ङ) महिला विकास कार्यालय, च) जिल्ला सरकारी वकिलको कार्यालय, छ) जिल्ला स्वास्थ वा जनस्वास्थ कार्यालय, ज) नेपाल पत्रकार महासंघ जिल्ला शाखा, झ) नेपाल बार एसोसियसन, जिल्ला इकाइ आदि। त्यसैगरी जिल्लामा बालअधिकारको क्षेत्रमा क्रियाशील संघसंस्थाहरु, जिल्ला पारालिगल स्रोत समाज, सरकारी तथा गैरसरकारी क्षेत्रबाट सञ्चालित विभिन्न सञ्चार माध्यमहरु, मानवअधिकारसँग सम्बन्धित संस्था तथा इन्सेक जिल्ला प्रतिनिधि र जिल्लामा क्रियाशिल बालक्लवहरु तथा तिनीहरुका नेटवर्कहरुले पनि सूचना जानकारी उपलव्ध गराउन सक्दछन्।

१६. सूचकांक फारामको प्रश्नावली नं ५, ६ र ७ ले माग गरेको तथ्य, तथ्याङ्क वा सूचनाको सम्भाव्य स्रोत निम्नलिखित कार्यालयहरु हुन सक्दछन् : क) जिल्ला विकास समितिमा रहेका जिल्ला पञ्जिकाधिकारीको कार्यालय, र ख) गा.वि.स. तथा न.पा.स्तरमा रहेका स्थानीय पञ्जिकाधिकारीको कार्यालयहरु आदि। साथै जिल्लामा बालबालिकाको जन्मदर्ताको अभियानमा संलग्न भएका जिल्ला बालकल्याण समिति, जिल्ला शिक्षा कार्यालय, युनिसेफ, प्लान नेपाल, सेभ द चिल्ड्रेन लगाएतका संस्थाहरु र जिल्लामा क्रियाशिल गैरसरकारी संघसंस्थाहरुले पनि यससम्बन्धी तथ्य, तथ्याङ्क वा सूचना उपलव्ध गराउन सक्दछन्।

१७. सूचकांक फारामको प्रश्नावली नं ८ र ९ ले माग गरेको तथ्य, तथ्याङ्क वा सूचनाको सम्भाव्य स्रोत निम्नलिखित कार्यालयहरु हुन सक्दछन् : क) जिल्ला बालकल्याण समिति, ख) जिल्ला प्रशासन कार्यालय, ग) जिल्ला शिक्षा कार्यालय, घ) जिल्ला विकास समितिको कार्यालय आदि। साथै जिल्लामा बालबालिकाको हक

अधिकारको क्षेत्रमा क्रियाशिल राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघसंस्थाबाट समेत तथ्य, तथ्याङ्क वा सूचना संकलन गरी भर्न सकिनेछ ।

१८. सूचकांक फारामको प्रश्नावली नं १० र ११ ले माग गरेको तथ्य, तथ्याङ्क वा सूचनाको सम्भाव्य स्रोत निम्नलिखित कार्यालयहरु हुन सक्दछन् : क) जिल्ला प्रशासन कार्यालय, ख) जिल्ला अदालत, ग) जिल्ला सरकारी वकिलको कार्यालय, घ) जिल्ला प्रहरी कार्यालय (महिला तथा बालबालिका सेवा केन्द्र समेत), ङ) जिल्ला बालकल्याण समिति, च) सरकारी तथा गैरसरकारी क्षेत्रबाट सञ्चालित विभिन्न सञ्चारका माध्यमहरु आदि । साथै जिल्लामा सञ्चालनमा रहेका आवासीय गृहहरु (बालगृहहरु) तथा बालबालिकाको क्षेत्रमा क्रियाशिल संघसंस्थाहरुबाट समेत तथ्य, तथ्याङ्क वा सूचना संकलन गर्न सकिनेछ ।

१९. सूचकांक फारामको प्रश्नावली नं १२ ले माग गरेको तथ्य, तथ्याङ्क वा सूचनाको सम्भाव्य स्रोत निम्नलिखित कार्यालयहरु हुन सक्दछन् : क) जिल्ला प्रशासन कार्यालय, ख) जिल्ला अदालत, ग) जिल्ला सरकारी वकिलको कार्यालय, घ) जिल्ला प्रहरी कार्यालय (महिला तथा बालबालिका सेवा केन्द्र समेत), ङ) जिल्लाका गा.वि.स. तथा न.पा.का कार्यालयहरु आदि ।

२०. सूचकांक फारामको प्रश्नावली नं १३ ले माग गरेको तथ्य, तथ्याङ्क वा सूचनाको संभाव्य स्रोत निम्नलिखित कार्यालयहरु हुन सक्दछन् : क) जिल्ला प्रशासन कार्यालय, ख) जिल्ला बालकल्याण समिति, ग) जिल्लामा सञ्चालनमा रहेका बालगृहहरु आदि ।

२१. सूचकांक फारामको प्रश्नावली नं १४ ले माग गरेको स्वदेशीले धर्मसन्तान ग्रहण गरेको विवरण जिल्ला मालपोत कार्यालयबाट प्राप्त गर्न सकिनेछ ।

२२. सूचकांक फारामको प्रश्नावली नं १५ ले माग गरेको तथ्य, तथ्याङ्क वा सूचनाको सम्भाव्य स्रोत निम्नलिखित कार्यालयहरु हुन सक्दछन् : क) जिल्ला प्रशासन कार्यालय, ख) संयुक्त राष्ट्रसंघको शरणार्थीसम्बन्धी उच्चआयुक्तको कार्यालय र जिल्लामा शरणार्थीको सवालमा क्रियाशिल संघसंस्थाहरु आदि ।

२३. सूचकांक फारामको प्रश्नावली नं १८ देखि २१ ले माग गरेको तथ्य, तथ्याङ्क वा सूचनाको सम्भाव्य स्रोत निम्नलिखित कार्यालयहरु हुन सक्दछन् : क) जिल्ला स्वास्थ्य वा जिल्ला जनस्वास्थ्य कार्यालय र जिल्ला आयुर्वेदिक कार्यालय, ख) जिल्ला खानेपानी कार्यालय (खानेपानी तथा सरसफाइ डिभिजन कार्यालय) वा यस जिल्लालाई हेर्ने क्षत्रीय कार्यालय, ग) जिल्ला शिक्षा कार्यालय, घ) जिल्ला विकास समितिको कार्यालय, ङ) महिला विकास कार्यालय, च) जिल्ला बालकल्याण समिति, छ) नेपाल परिवार नियोजन संघ, जिल्ला शाखा, ज) जिल्लामा स्वास्थ्य क्षेत्रमा क्रियाशिल रहेका संघसंस्थाहरु (युनिसेफ, सेभ द चिल्ड्रेन, प्लान नेपाल समेत) आदि । प्रश्नावली २० को हकमा राष्ट्रिय योजना आयोगबाट सन् २००७ मा गरिएको लागूऔषध प्रयोगकर्तासम्बन्धी अध्ययन पनि उपयोगी हुन सक्दछ (रा.यो.आ.को वेभसाइट हेर्नुहोला) ।

२४. सूचकांक फारामको प्रश्नावली नं २२ ले माग गरेको तथ्य, तथ्याङ्क वा सूचनाको सम्भाव्य स्रोत निम्नलिखित कार्यालयहरु हुन सक्दछन् : क) जिल्ला प्रशासन कार्यालय, ख) महिला विकास कार्यालय, ग) जिल्ला बालकल्याण समिति, घ) राष्ट्रिय अपाङ्ग महासंघ वा त्यससँग आवद्ध भएका अपाङ्गता भएका व्यक्तिहरुको संगठनहरु, ङ) जिल्लामा बालअधिकार र मानवअधिकारको क्षेत्रमा कार्यरतरहेका संघसंस्थाहरु, च) महिला, बालबालिका तथा समाजकल्याण मन्त्रालय, छ) शान्ति तथा पुनर्निर्माण मन्त्रालय र ज) सुरक्षासम्बन्धी निकायहरु आदि ।

२५. सूचकांक फारामको प्रश्नावली नं २३ देखि ३४ सम्म ले माग गरेको तथ्य, तथ्याङ्क वा सूचनाको सम्भाव्य स्रोत निम्नलिखित कार्यालयहरु हुन सक्दछन् : क) जिल्ला शिक्षा कार्यालय, ख) प्राइभेट/संस्थागत विद्यालयहरुका संगठनहरु (प्याब्सन तथा एन प्याब्सन) का जिल्ला शाखाहरु, ग) सेतो गुराँस राष्ट्रिय बालविकास सेवा केन्द्रका जिल्ला कार्यालयहरु, घ) जिल्ला विकास समिति, ङ) दलित तथा जनजातिसँग

सम्बन्धित संघसंस्थाहरु, च) महिला विकास कार्यालय, छ) जिल्ला बालकल्याण समिति, ज) जिल्ला प्रशासन कार्यालय, झ) जिल्ला विकास समितिको कार्यालय, र ञ) गा.वि.स. तथा नगरपालिकाका कार्यालयहरु आदि ।

२६. सूचकांक फारामको प्रश्नावली नं ३५ र ३६ ले माग गरेको तथ्य, तथ्याङ्क वा सूचनाको सम्भाव्य स्रोत निम्नलिखित कार्यालयहरु हुन सक्दछन् : क) जिल्ला एड्स समन्वय समिति, ख) एच.आई.भी. र एड्सको क्षेत्रमा कार्यरत सरकारी निकायहरु तथा गैरसरकारी संघसंस्थाहरु, ग) जिल्ला स्वास्थ्य वा जिल्ला जनस्वास्थ्य कार्यालय, घ) भिसिटी सेवा उपलब्ध गराउने संस्था वा निकायहरु ङ) जिल्ला अस्पताल आदि ।

२७. सूचकांक फारामको प्रश्नावली नं ३७ ले माग गरेको तथ्य, तथ्याङ्क वा सूचनाको सम्भाव्य स्रोत निम्नलिखित कार्यालयहरु हुन सक्दछन् : क) श्रम कार्यालय, ख) उद्योग बाणिज्य संघ/महासंघ जिल्ला कार्यालय, ग) जिल्ला बालकल्याण समिति, र घ) बालबालिकाको हक अधिकारको क्षेत्रमा कार्यरत संघसंस्था वा निकायहरु ङ) व्यवसायिक संगठित समूहरु जस्तै होटेल व्यवसायी एसोसिएसन, यातायात व्यवसायी संघ आदि ।

२८. सूचकांक फारामको प्रश्नावली नं ३८ र ३९ ले माग गरेको तथ्य, तथ्याङ्क वा सूचनाको सम्भाव्य स्रोत निम्नलिखित कार्यालयहरु हुन सक्दछन् : क) जिल्ला प्रहरी कार्यालय (महिला तथा बालबालिका सेवा केन्द्र समेत), ख) जिल्ला प्रशासन कार्यालय, ग) जिल्ला बालकल्याण समिति, घ) सरकारी तथा गैरसरकारी क्षेत्रबाट सञ्चालित विभिन्न सञ्चारका माध्यमहरु (जस्तै स्थानीय एफ.एम. रेडियो, पत्रपत्रिका आदि), ङ) बालबालिकाको हक अधिकारको क्षेत्रमा कार्यरत संघसंस्था वा निकायहरु, च) जिल्ला अदालत, छ) जिल्ला सरकारी वकिलको कार्यालय आदि ।

२९. सूचकांक फारामको प्रश्नावली नं ४० ले माग गरेको तथ्य, तथ्याङ्क वा सूचनाको सम्भाव्य स्रोत निम्नलिखित कार्यालयहरु हुन सक्दछन् : क) जिल्ला प्रहरी कार्यालय (महिला तथा बालबालिका सेवा केन्द्र समेत), ख) जिल्ला प्रशासन कार्यालय, ग) जिल्ला बालकल्याण समिति, घ) सरकारी तथा गैरसरकारी क्षेत्रबाट सञ्चालित विभिन्न सञ्चारका माध्यमहरु, ङ) बालबालिकाको हक अधिकारको क्षेत्रमा कार्यरत संघसंस्था वा निकायहरु आदि ।

३०. सूचकांक फारामको प्रश्नावली नं ४१ देखि ४३ सम्मले माग गरेको तथ्य, तथ्याङ्क वा सूचनाको सम्भाव्य स्रोत निम्नलिखित कार्यालयहरु हुन सक्दछन् : क) जिल्ला विकास समितिको कार्यालय, ख) जिल्ला बालकल्याण समिति, ग) जिल्ला तथा गाउँ बालसंरक्षण तथा सम्बर्द्धन उपसमिति, घ) बालबालबालिकाको हक अधिकारको क्षेत्रमा कार्यरत संघसंस्था वा निकायहरु, ङ) सरकारी तथा गैरसरकारी क्षेत्रबाट सञ्चालित विभिन्न सञ्चारका माध्यमहरु आदि ।

३१. साथै सूचकांक फाराम भर्दा समग्ररुपमा उपयोगी हुन सक्ने केही प्रतिवेदनहरु यसप्रकार छन् : क) मानवविकास सूचकांक प्रतिवेदन (स्रोत संयुक्त राष्ट्रसंघको कार्यालय, हरिहरभवन, ललितपुर www.undp.org.np), ख) नेपाल लिभिङ्ग स्ट्यान्डर्ड सर्भे (स्रोत राष्ट्रिय योजना आयोग, सिंहदरबार, काठमाण्डौं www.npc.gov.np), ग) आर्थिक सर्भेक्षण, अर्थ मन्त्रालय, सिंहदरबार, काठमाण्डौं), घ) केन्द्रीय तथ्याङ्क विभागबाट प्रकाशित भएका विभिन्न प्रतिवेदनहरु (स्रोत केन्द्रीय तथ्याङ्क विभाग, थापाथली काठमाण्डौं, www.cbs.gov.np), ङ) हाउसहोल्ड सर्भे (स्रोत स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, रामशाहपथ काठमाण्डौं), च) महिला, बालबालिका तथा समाजकल्याण मन्त्रालयका प्रतिवेदनहरु ( www.mowcsw.gov.np) छ) शिक्षा मन्त्रालयका प्रतिवेदनहरु (www.moes.gov.np), ज) केन्द्रीय बालकल्याण समितिका प्रतिवेदनहरु (www.ccwb.gov.np) आदि ।

धन्यबाद